# अपाङ्गता सम्बन्धी सहायक सामग्री (कृत्रिम अंग) का लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०२।२७)

यस अस्पतालको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेशभित्र स्थायी बसोबास गर्ने र आर्थिक अवस्था कमजोर भएका अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक जीवनयापनमा सहजता ल्याउने उद्देश्यले निःशुल्क सहायक सामग्री वितरण गरिने भएकोले तपसिल बमोजिमका सहायक सामग्रीहरू आवश्यक परेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८३/०३/१० गते कार्यालय समयभित्र) अस्पतालको वेवसाइट https://provincehospital.karnali.gov.np/ बाट आवेदन फाराम डाउनलोड गरी अस्पतालको **फिजियोथेरापी शाखा (कोठा नं. ०९)** मा रीतपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि आएका वा आवश्यक कागजात नपुगेका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन।

**१.कृत्रिम अंग सम्बन्धी सामग्रीहरू:**

| S.N. | Name of the Items | नेपाली नाम (छोटो रूप) | वितरण गरिने संख्या |
|---|---|---|---|
| 1 | Footwear for diabetes neuropathic foot / orthopedic shoes including special type of shoes | डायबिटिक/अर्थोपेडिक जुत्ता | माग संकलन गरी स्वीकृत दर बमोजिम तोकिएको बजेटले पुग्ने गरी उत्पादनका लागि सम्झौता भएको साझेदार संस्थासँग सिफारिस गरिने। |
| 2 | Club foot shoes | क्लब फुट जुत्ता | |
| 3 | Ankle foot orthoses (AFO) | ए.एफ.ओ. (गोलीगाँठो सपोर्ट) | |
| 4 | Knee ankle foot orthoses (KAFO) | के.ए.एफ.ओ. (घुँडा र खुट्टाको सपोर्ट) | |
| 5 | Wrist hand and finger orthoses | नाडी, हत्केला र औंला सपोर्ट | |
| 6 | Shoulder elbow orthoses | काँध र कुहिनो सपोर्ट | |
| 7 | Below knee prosthesis | घुँडा मुनिको कृत्रिम खुट्टा | |

**निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

- यसैसाथ संलग्न ढाँचाको निवेदन पत्र। निवेदनमा पासपोर्ट साइजको फोटो १ थान टाँस गर्नुपर्ने।
- अपाङ्गता परिचय पत्रको प्रतिलिपि,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नाबालक भए जन्मदर्ता)
- वडा कार्यालयको सिफारिस पत्र (आर्थिक अवस्था कमजोर भएको वा सामग्री आवश्यक परेको खुल्ने),
- अस्पताल नाम दर्ता गरी सम्बन्धित चिकित्सक वा फिजियोथेरापी शाखाको सिफारिस ।

नोटः कृत्रिम सहायक सामाग्री अस्पतालसँग सम्झौता भएको सम्बन्धित साझेदार संस्थाले अस्पतालको सिफारिसमा निर्माण गरी प्रदान गरिनेछ।

थप जानकारीका लागि अस्पतालको फोन नम्बर ०८३-५२२२०० वा मोबाईल नं ९८६९५९६२३८ (अस्मिता भुषाल) मा सम्पर्क गर्न सकिनेछ।

अस्पताल निर्देशक

डा. गणेश थापा
अस्पताल निर्देशक